NJ: NUTA

# माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता

**कृष्णराज ढकाल**
नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: krishnar.dhakal@gmail.com
DOI:10.3126/nutaj.v10i1-2.63052

**लेखसार**

माध्यमिक नेपाली भाषा पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता शीर्षक शिक्षक तालिम, पाठ्यक्रमको उपलब्धता, शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्थाको पहिचान र कार्यान्वयनको प्रभावकारितासँग सम्बद्ध रहेको छ । यसमा सूचनाका रूपमा काठमाडौँ जिल्लाभित्रका ४ ओटा सामुदायिक विद्यालयका नेपाली भाषा शिक्षकहरू रहेका छन् । अध्ययनका क्रममा प्रश्नावली फाराम र कथात्मक सोधनीमार्फत् डायरी टिपोटको आधारमा अभिलेख निर्माण गरी प्राथमिक स्रोतबाट सूचनाहरू सङ्कलन गरिएको छ । साथै सैद्धान्तिक पक्षलाई निरूपण गर्न पाठ्यक्रम, पाठ्यपुस्तक जस्ता द्वितीयक स्रोतबाट पनि सामग्री सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीलाई वर्णनात्मक विश्लेषण विधिको उपयोग गरिएको छ। अध्ययनमा सबै विद्यालयमा तालिम प्राप्त र नेपाली विषयमा विशिष्टीकरण गरेका शिक्षक, वार्षिक कार्यतालिका निर्माण गर्नुजस्ता कुराहरू सकारात्मक रूपमा रहेको पाइन्छ तर पनि सम्बन्धित सरोकारवालाहरूले आफ्नो भूमिका निर्वाह गर्न चुकेका, विद्यालय तथा शिक्षकले भाषा पाठ्यक्रमले तोकेका शैक्षिक सामग्री तथा स्रोत परिचालन गरी आवश्यक शैक्षणिक सुविधाहरू तथा सिपगत कुशलता वृद्धि र परिचालनमा अपेक्षित गति लिन नसकेका कमजोरी देखिए । साथै अनुगमन तथा मूल्याङ्कन प्रक्रिया फितलो हुनु, भाषा पाठ्यक्रमको विषयसम्बद्ध अन्य सामग्रीहरू प्रयोग नहुनुजस्ता समस्याले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा व्यवधान खडा गरेको देखियो। भाषा पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा शिक्षकले पाठमा दिइएका अभ्यास मात्र गराई अन्य सिर्जनात्मक अभ्यास कमै गराउने गरिएको पाइयो। यसका लागि पाठ्यक्रमले तोकेका शैक्षिक सामग्री पर्याप्त मात्रामा उपलब्ध गराई अनुगमन प्रक्रियालाई चुस्त दुरुस्त बनाउने हो भने पाठ्यक्रम कार्यान्वयन र पठनपाठनमा देखापरेका समस्याहरू केही हदसम्म निराकरण गर्न सकिने प्रकृतिका रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : मूल्याङ्कन, विद्यार्थी क्रियाकलाप, शिक्षक क्रियाकलाप, शिक्षक व्यवस्थापन, शैक्षिक सामग्री

## अध्ययनको पृष्ठभूमि

विद्यालयको शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडिएको छ । माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ मा माध्यमिक तह भन्नाले कक्षा ९-१२ लाई उल्लेख गरिएको छ (पृ. २) । नेपाली भाषा भन्नाले नेपाली विषयलाई जनाउँदछ भने पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता भन्नाले पाठ्यक्रम कक्षाकोठामा प्रयोग भएपछि त्यसले कत्तिको छाप छोड्न सक्यो वा उपलब्धिपूर्ण बन्न सक्यो भन्ने कुरा बुझिन्छ । पाठ्यक्रम कार्यान्वयनको

प्रभावकारिता भन्नाले शिक्षकको पृष्ठपोषणको गुणस्तर हो, जसले पूर्ण सिकाइ नमुनाको साधारणतर्फ उन्मुख गराउँदछ ( न्युमन, न्युमन, र लिविज, सन् २०१७, पृ. १०५) । शिक्षण सिकाइको सैद्धान्तिक मार्गनिर्देशक योजना नै पाठ्यक्रम हो । पाठ्यक्रमका आधारमा शिक्षण सिकाइका समग्र गतिविधि अगाडि बढाइन्छ । फ्र्याङकिन बबिटको सन् १९१८ को 'द करिकुलम' नामक पुस्तक प्रकाशनपछि पाठ्यक्रम निर्माणको प्रारम्भ भएको बुझिन्छ । डब्लु.डब्लु. चार्टसले सन् १९२३ मा 'करिकुलम कन्सट्रक्सन' नामक पुस्तकमा क्रियाकलापको विश्लेषण समावेश गरे । टायलर (सन् १९७४), हिल्डा टावा (सन् १९६२) ले पनि पाठ्यक्रम विकाससम्बन्धी अवधारणालाई अगाडि बढाए । त्यसपछि भाषा सिकाइका क्षेत्रमा पनि पाठ्यक्रम निर्माण हुन थाले । भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि पाठ्यक्रमले गोरेटो प्रदान गर्दछ। कुनै पनि तह वा कक्षाका लागि भाषा शिक्षण गर्न र लक्षित भाषाका सिप र समझहरू स्तरअनुकूल विकास गर्नका लागि निर्माण गरिएको मार्गदर्शक कार्यक्रम नै भाषा पाठ्यक्रम हो । भाषा पाठ्यक्रममा विद्यार्थीहरूमा सिकाइ उपलब्धिहरू हासिल गराउने उद्देश्यअनुरूप उद्देश्य, पाठ्यवस्तु, क्रियाकलाप, विधि, सामग्री, प्रस्तुतिक्रम मूल्याङ्कन आदि जस्ता समग्र पक्षहरूलाई स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ। विद्यालयभित्र वा बाहिरको परिवेशमा भाषा शिक्षणका अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने यावत् प्रयासलाई भाषा पाठ्यक्रम भनिन्छ (पौडेल, २०६९, पृ. २२७) । प्रस्तुत लेख नयाँ पाठ्यक्रम २०७८ कार्यान्वयनमा रहेको अवस्थामा शिक्षकले पाठ्क्रमलाई कसरी उपयोग गर्दै आएका छन् भन्ने मुख्य समस्या अगाडि सारेर पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता पहिल्याउने उद्देश्यका साथ माध्यमिक तहअन्तर्गत कक्षा ९ को नेपाली विषयमा आधारित भएर प्रस्तुत अनुसन्धानमूलक लेख तयार गरिएको छ ।

## अध्ययनको समस्या

पुरानो पाठ्यक्रममा भएका कमीकमजोरीलाई हटाएर समयसापेक्ष परिमार्जन गर्दै निर्माण भएको माध्यमिक तहको भाषा पाठ्यक्रम २०७८ ले भाषिक सिपमा सक्षमता ल्याउने उद्देश्य राखेको छ। पाठ्यक्रम बन्नु मात्र ठुलो कुरा नभई यसको कार्यान्वयनको प्रभावकारिता कस्तो छ भन्ने कुरा मुख्य हुन आउँछ। नयाँ पाठ्यक्रम प्रयोगमा आइसकेको र यसको अन्तिम प्रयोगकर्ता शिक्षक भएकाले पाठ्यक्रमलाई शिक्षकले कसरी उपयोग गर्दै आएका छन् र यसको कार्यान्वयनको प्रभावकारिता पहिचानलाई समस्याको रूपमा लिइएको छ। यी समस्या पहिचानका लागि नेपाली भाषा शिक्षकसँग अन्तवार्तामार्फत् शैक्षिक तथा पेसागत अवस्था, तालिमको अवस्था, पाठ्यक्रमको उपलब्धता, शैक्षणिक योजनाहरू निर्माण र प्रयोग, शैक्षणिक सामग्री तथा शिक्षण विधिको प्रयोग, मूल्याङ्कन पद्धतिको प्रयोग जस्ता पक्षमा प्रश्नात्मक तथा कथात्मक सोधनीमार्फत प्राप्त तथ्याङ्क विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेखको उद्देश्य माध्यमिक नेपाली पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता पहिल्याउनु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा वर्णनात्मक विश्लेषण विधिको उपयोग गरिएको छ । अध्ययनलाई स्पष्ट पार्न आवश्यकता अनुसार सामान्य तथ्याङ्कको पनि प्रयोग गरिएको छ। अनुसन्धान कार्य सम्पन्न गर्नका लागि विभिन्न किसिमका अनुसन्धान ढाँचाहरूको नमुना छनोट, तथ्याङ्कका स्रोतसाधनहरू, तथ्याङ्क सङ्कलन तथा विश्लेषण–प्रक्रिया अपनाई गुणात्मक ढाँचामा विश्लेषण गरिएको छ । जनसङ्ख्या र नमुना छनोटअन्तर्गत सुविधाजनक नमुना छनोट विधिमार्फत काठमाडौँ उपत्यकाभित्रका ४ ओटा सामुदायिक विद्यालयका मावि तहमा अध्यापन गर्ने ४ जना नेपाली भाषा शिक्षकहरूलाई नमुनाका रूपमा लिइएको छ। प्रस्तुत अध्ययनका लागि प्रशासनिक अनुमति

लिई नेपाली भाषा शिक्षकसँग शैक्षिक तथा पेसागत तालिम, पाठ्यक्रमको उपलब्धता, शैक्षणिक योजनाहरू निर्माण, शैक्षणिक सामग्री तथा शिक्षण विधि तथा मूल्याङ्कन पद्धतिको प्रयोगजस्ता पक्षमार्फत पाठ्यक्रमको प्रभावकारिता पत्ता लगाउन प्रश्नावली फाराम र कथात्मक सोधनीमार्फत् सूचना तथा जानकारीहरू प्राप्त गरी सिलसिलाबद्ध ढङ्गले प्रतिक्रियादाताहरूको प्रतिक्रिया तथा अन्य माध्यमबाट सङ्कलन गरिएका सूचनाहरूका आधारमा अनुसन्धानको उद्देश्यसँग मिल्ने किसिमले विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।


## अध्ययनको सैद्धान्तिक आधार र अवधारणा

यहाँ सैद्धान्तिक आधारअन्तर्गत भाषा पाठ्यक्रमको परिचय, भाषा पाठ्यक्रमको संरचना, पाठ्यक्रमका उद्देश्यहरू, पाठ्यवस्तुको क्रम तथा संरचना, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, पाठ्यपुस्तक र सन्दर्भ पुस्तकलाई समावेश गरिएको छ । त्यस्तै सैद्धान्तिक अवधारणात्मक ढाँचालाई आरेखमा निम्नानुसार प्रस्तुत गरिएको छ :

अनुसन्धानको अवधारणात्मक ढाँचा :

**माध्यमिक नेपाली पाठ्यक्रम**

कार्यान्वयनका प्रभावकारिता



## भाषा पाठ्यक्रमको परिचय

भाषा मानवीय सम्प्रेषणको आधार हो र समाजमा घटित हुने सम्पूर्ण ज्ञान विज्ञान वा क्रियाकलापहरू भाषाबाटै सम्पन्न हुन्छन् । मानव हृदयमा सिर्जित भावको अभिव्यक्ति, मानवहरू बिचको विचारहरूको प्रकटीकरण तथा सिर्जनात्मकताको प्रस्तुतीकरणको माध्यम नै भाषा हो । भाषा पाठ्यक्रम भन्नाले भाषिक सिपहरूको प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजना भन्ने बुझिन्छ । भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि बनाइएको भाषा शिक्षणसम्बन्धी गोरेटो वा कार्यक्रमका रूपमा भाषा पाठ्यक्रमलाई परिभाषित गर्न सकिन्छ (शर्मा र पौडेल, २०६८) । भाषा पाठ्यक्रम व्यक्तिको भाषिक र कलात्मक व्यवहारलाई सिर्जनात्मक रूपमा विकास गर्ने एउटा महत्त्वपूर्ण आधार हो । यो पाठ्यक्रम विद्यार्थी केन्द्रित हुन्छ र यसमा सुबोपलेको एकीकृत आधार प्रस्तुत गरिएको हुन्छ (गार्डनर, सन् २०१०, पृ. ४) ।

## भाषा पाठ्यक्रमको संरचना

भाषा पाठ्यक्रमका संरचनाभित्र पाठ्यक्रमका उद्देश्यहरू, पाठ्यवस्तुको छनोट र क्रम, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, पाठ्यपुस्तक र सन्दर्भपुस्तक पर्दछन् । पाठ्यक्रमका उद्देश्यहरू पाठ्यक्रममा उद्देश्यहरूलाई तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धि गरी दुई भागमा विभाजन गरिएको छ । कक्षा ९ को कक्षागत सिकाइ उपलब्धिअन्तर्गत शुद्ध र स्पष्ट उच्चारण, मौखिक वर्णन, प्रश्नोत्तर, तार्किक विचार प्रस्तुत, शिष्टतापूर्वक अभिव्यक्ति, सन्दर्भअनुसार उखान टुक्काको प्रयोग, व्यक्तिवृत्त वर्णन, जस्ता सुनाइ र बोलाइसँग सम्बन्धित सिकाइ उपलब्धि निर्धारण गरिएका छन् । त्यसैगरी यति, गति, लय र हाउभाउ मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न, सन्दर्भ र संवेग मिलाई पढ्न, मौन पठन गर्न, भावबोध गर्न सक्ने गरी पढ्न उपलब्धि निर्धारण गरिएको छ । त्यसैगरी निर्धारित पाठ पढी सन्दर्भ र परिवेशमा आधारित भई प्रश्नोत्तर गर्न, विषयवस्तुको सन्देश बोध गर्न, व्याख्या र विश्लेषण गर्न पनि सिकाइ उपलब्धिमै राखिएको छ । त्यसैगरी पढाइ सिपमै भावनात्मक र तार्किक पक्षको पहिचान, शब्दभण्डार वृद्धि गर्न, लेख्यचिह्न, हिज्जे र सङ्केतका आधारमा शुद्धसँग पढ्न पनि उपलब्धिभित्रै राखिएको छ । साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक र सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न पनि उपलब्धिमै समावेश भएका छन् । पाठमा प्रयुक्त मुख्य घटनालाई क्रम मिलाई अभिव्यक्त गर्न सक्ने गरी पढ्न र तार्किक सोचको निर्माण गरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न जस्ता पढाइ सिपसँग सम्बन्धित सिकाइ उपलब्धि निर्धारण गरिएका छन् । यसरी नै सिकाइ उपलब्धि निर्धारणकै क्रममा वर्णविन्यास र लेख्य चिह्न मिलाई स्पष्टसँग लेख्न, वाक्य सङ्गति मिलाई लेख्न, पदवर्ग, काल, पक्ष, भाव, कारक र विभक्ति पहिचान र प्रयोग गरी लेख्न, वाक्य रूपान्तरण गरी लेख्न, सूचनात्मक लेखन गर्न, प्रश्नोत्तर, श्रुतिलेखन, अनुलेखन गर्नु जस्ता लेखाइ सिपसँग सम्बन्धित उपलब्धि निर्धारण गरिएको छ। विषयवस्तुको वर्णन, समीक्षा र विश्लेषण गर्न, अनुच्छेद रचना गर्न, घटना र परिवेशका बारेमा सिलसिला मिलाई वर्णन गर्न, कवितालाई व्याकरणिक पदक्रमअनुसार रूपान्तरण गरी लेख्न, टिपोट गर्न र सारांश लेख्न सक्ने सक्षमता निर्धारण गरिएको छ। निवेदन, चिठी, निमन्त्रणा, शुभकामना, बधाई तथा समवेदना तयार पार्न र विद्युतीय पत्र लेख्न, टिप्पणी, वक्तृता, संवाद र वादविवाद लेख्न, उखान टुक्काको सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न पनि उपलब्धिमै राखिएको पाइन्छ। भाषिक अभिव्यक्तिका क्रममा भाषिक संरचनाका आधारभूत पक्ष ख्याल गरी लेख्न, निर्देशित स्वतन्त्र र सिर्जनात्मक लेखन गर्न, सन्दर्भ पुस्तक पढेर समीक्षा गर्न, लिखित सामग्रीलाई सम्पादन र पुनः सम्पादन गरी लेख्न र विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक र समीक्षात्मक अभिव्यक्ति दिन जस्ता लेखाइ सिपसँग सम्बन्धित सिकाइ उपलब्धि रहेका छन् । नेपाली भाषा पाठ्यक्रम (२०७८) मा उद्देश्यलाई तहगत

सक्षमता र कक्षागत सिकाइ उपलब्धिका रूपमा निर्धारण गरिएको छ । भाषिक सिपमा सक्षमता प्राप्तिका लागि सुनाइ बोलाइ, पढाइ लेखाइका आधारमा कक्षागत सिकाइ उपलब्धिको तय गरिएको छ ।

विषयवस्तुको क्षेत्र तथा क्रम भन्नाले अपेक्षित उद्देश्यहरू हासिल गर्नका लागि निर्दिष्ट ज्ञान, सिपहरूको सूची र कुन तत्त्वपछि कुन तत्त्व राख्ने भन्ने निर्धारण गर्नु हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक अनुभव शून्य स्थितिमा रहेका बालबालिकालाई शिक्षणसिकाइ क्रियाकलाप गराउँदा शृङ्खलाबद्ध र प्रोत्साहनपूर्वक गराउनु पर्दछ । पाठ्यक्रमको निर्माण, परिमार्जन तथा विकासमा खास गरी समकालीन समाजको आवश्यकता र विकास, व्यक्तिको उमेर, रुचि, क्षमता र आवश्यकता, शैक्षिक सिद्धान्त र दर्शन तथा ज्ञानको स्वरूपले प्रभाव पारेको हुन्छ (खनाल, पौडेल र अधिकारी, २०६६ : १७) । पाठ्यक्रममा पाठ्यवस्तुहरू सिकारुहरूको उमेर, रुचि, चाहना, आवश्यकता, स्तर आदिलाई ख्याल गरेर छनोट गरी क्रम र संरचना मिलाइन्छ । कक्षा ९ को पाठ्यक्रममा विषयवस्तुको क्षेत्र तथा क्रमलाई पद्य कविता (प्रकृतिपरक), सामाजिक कथा, निबन्ध (कृषि), व्यावहारिक लेखन (निवेदन), जीवनी (राष्ट्रिय), संवाद (वाणिज्य/पर्यावरण), लोक कथा, गीति कविता (देशप्रेम), नियात्रा, वक्तृता, सामाजिक कथा, जीवनी (अन्तर्राष्ट्रिय), व्यावहारिक लेखन (कार्यालयीय चिठी), निबन्ध (संस्कृति), गद्य कविता (समाज/श्रम) र बालमनोविज्ञान कथाका क्रममा विभाजन गरिएको छ ।

सिकाइ सहजीकरण प्रक्रियाको प्रभावकारिताले नै भाषा पाठ्यक्रममा भाषिक सिपहरूको कस्तो प्राप्ति हुन्छ भन्ने कुराको निर्धारण गर्दछ । भाषा पाठ्यक्रमले पाठ्यवस्तु पठनपाठनका निमित्त सुझाएका शैक्षिक सामग्रीको सहायताले शिक्षकले कक्षाभित्र र बाहिर गर्ने कार्यकलाप र उसको निर्देशनमा विद्यार्थीले सिक्नका लागि गर्ने सबै किसिमको प्रक्रिया नै शिक्षण प्रक्रियाका रूपमा लिइन्छ । विद्यालयमा आउने विद्यार्थीहरू विविध सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक परिवेशबाट आउने र तिनीहरूको विविध रुचि, आवश्यकता, चाहना, योग्यता र क्षमता हुनुका साथै विभिन्न शारीरिक र मानसिक उमेरका, क्षमताका र योग्यताका हुनेहुँदा शिक्षकले यस्तो विविधताका विद्यार्थीको पहिचान गरी उनीहरूको आवश्यकताअनुसार अलग अलग शिक्षण विधिबाट शिक्षण कार्य गर्नुपर्दछ (शर्मा एन्ड शर्मा, २०७४ : १८१) । भाषा पाठ्यक्रम (२०७८) मा शिक्षण प्रक्रियालाई सिकाइ सहजीकरणका प्रक्रियाबाट प्रस्ट पारिएको छ । सिकाइ सहजीकरण प्रक्रियाअन्तर्गत भाषिक सिपहरूमा आधारित क्रियाकलाप, विधाका माध्यमबाट सिपहरूको शिक्षण (आख्यानात्मक पाठ, लयबद्ध पाठ, जीवनीपरक, निबन्धात्मक, रूपक, व्यावहारिक लेखन, भाषिक संरचना, शब्दभण्डार) लाई सिकाइ सहजीकरणमा समावेश गरिएको छ । त्यसैगरी बहुबौद्धिकता, समालोचनात्मक चिन्तन, सहकार्यात्मक (व्यक्ति र समूह कार्य), सोधपुछ तथा प्रश्नोत्तर, पूर्ण शारीरिक क्रिया/अभिनय, स्वाध्याय र छलफल र प्रयोगात्मक तथा खोज कार्यजस्ता सिकाइ सहजीकरण प्रक्रियाजस्ता सिपहरू उल्लेख गरिएको छ । तर विविधताका विद्यार्थीको पहिचान गरी उनीहरूको आवश्यकताअनुसार अलग अलग शिक्षण विधिबाट शिक्षण कार्य गर्ने कुरा सुझाएको पाइँदैन । यसमा विद्यार्थीहरूलाई निर्माणवादी ढङ्गले अगाडि बढ्न प्रोत्साहन गरिनुपर्ने देखिन्छ । निर्माणवादमा सिकारु मुख्य खेलाडी हो, ज्ञान निर्माण गर्न सिकारु सक्रिय हुन्छ । सिकारुले निस्क्रियरूपमा अरूको ज्ञान तथा शब्दलाई निस्क्रियरूपमा स्वीकार गरेर ज्ञान निर्माण गर्न सक्दैन (अर्नस्टिन हन्किन्स, सन् २०१८, पृ. १३१) ।

मूल्याङ्कन प्रक्रिया पाठ्यक्रमले निर्धारण गरेका अपेक्षित उपलब्धि प्राप्त भएनभएको लेखाजोखा गर्न मूल्याङ्कन प्रक्रिया अपनाइन्छ । नेपाली भाषा पाठ्यक्रम (२०७८) मा २५ प्रतिशत अङकभार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ भनिएको छ । आन्तरिक मूल्याङ्कनलाई अभिलेखीकरण गर्नुपर्छ ।

प्रत्येक विद्यार्थीको कार्यसञ्चयिकालाई अद्यावधिक गरी व्यवस्थापन गरी निम्नानुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने कुरा उल्लेख छ :

| क.सं. | मूल्याङ्कनका क्षेत्र | अङ्कभार |
|---|---|---|
| १. | उपस्थिति र कक्षा सहभागिता | ३ |
| २. | परियोजना कार्य र सिर्जनात्मक कार्य र प्रस्तुति | ६ |
| ३. | सुनाइ र बोलाइ | १० |
| ४. | त्रैमासिक परीक्षा | ६ |
| | जम्मा | २५ |

*स्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम-२०७८*

माथिको नं. १ देखि ३ सम्मका क्षेत्रगत क्रियाकलाप नियमित सिकाइ सहजीकरणकै क्रममा गराई आन्तरिक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गरी त्यसको अभिलेख राखी नं. ४ क्रियाकलापसँग बाह्य मूल्याङ्कनमा समेत उपयोग गर्नुपर्ने कुरा उल्लेख छ । उल्लिखित कार्य गर्दा कक्षा सहभागिता, सिर्जना/परियोजना कार्य साथै सुनाइ र बोलाइ जस्ता कार्यद्वारा गरिनुपर्ने कुरा पाठ्यक्रममा उल्लेख गरिएको पाइन्छ ।

माध्यमिक भाषा पाठ्यक्रम (२०७८) ले बाह्य मूल्याङ्कनका लागि निम्नानुसारका क्षेत्र र अङ्कभार तय गरेको देखिन्छ :

| क.सं. | क्षेत्र | अङ्कभार |
|---|---|---|
| १. | शब्दभण्डार | ६ |
| २. | वर्णविन्यास | ३ |
| ३. | भाषिक संरचना | १५ |
| ४. | पठनबोध दृष्टांश | ९ |
| ५. | निर्देशित रचना | ४ |
| ६. | व्यावहारिक लेखन | ४ |
| ७. | बुँदा टिपोट र सारांश | ४ |
| ८. | पाठगत बोध | १२ |
| ९. | भावविस्तार/व्याख्या | ४ |
| १०. | समीक्षात्मक उत्तर | ७ |
| ११. | निबन्ध लेखन | ७ |
| | जम्मा | ७५ |

*स्रोत :* माध्यमिक शिक्षा पाठ्यक्रम-२०७८

भाषा पाठ्यक्रमले भाषिक सिपका प्रकृतिअनुसार लिखित, मौखिक, पर्यवेक्षण र प्रयोगात्मक परीक्षाका विविध उपायहरू सुझाउन सक्नुपर्छ । भाषा पाठ्यक्रममा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गर्नु पर्ने हुन्छ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत प्रयोगात्मक कार्य वा परियोजना कार्य, सम्पर्क कक्षा सहभागिता,

सिकाइ सम्बद्ध सिर्जनात्मक कार्य, कक्षा कार्य, उपलब्धि परीक्षा, सिकाइ व्यवहारमा आएको परिवर्तन आदि जस्ता पक्षलाई आवश्यकतानुसार उपयोग गर्नुपर्ने हुन्छ । भाषा सिकाइ अभ्यासमूलक हुने भएकाले यसमा मूल्याङ्कनले महत्त्वपूर्ण भूमिका खेल्दछ । भाषा शिक्षण सिकाइ क्रियाकलापपश्चात् उक्त कुराको मूल्याङ्कन गर्नाले विद्यार्थीको कुन पक्षको सिकाइ कमजोर रहेछ, त्यसलाई सच्चाउन के गर्नुपर्दछ भन्ने विषयमा जानकारी मिल्दछ । प्राप्त जानकारीहरूको आधारमा यी विषयहरूको लेखाजोखा गरी कमी कमजोरीहरूलाई सुधार गर्न वा स्तर निर्धारण गर्न दुवै उद्देश्यका लागि मूल्याङ्कन गर्ने गरिन्छ ।

पाठ्यपुस्तक र सन्दर्भ पुस्तक भाषा पाठ्यक्रमका उद्देश्यहरू परिपूर्तिका लागि तयार गरिन्छ । भाषा पाठ्यक्रमद्वारा निर्धारित भाषा पाठ्यपुस्तक शिक्षार्थीले गहन अध्ययन गर्नुपर्ने प्रकृतिका हुन्छन् । पाठ्यपुस्तकबाट बोध तथा अभिव्यक्ति क्षमतामा अभिवृद्धि गर्ने लक्ष्य लिइएको हुन्छ । भाषिक बोध तथा अभिव्यक्तिका क्षेत्रमा प्रयुक्त विविध सन्दर्भका निम्ति सहयोगी हुने पुस्तक नै सन्दर्भपुस्तक हो । भाषिक सिप र समझ आर्जनका निमित्त सहयोग पुऱ्याउने यस्ता पुस्तकहरूले विद्यार्थीमा बोध तथा अभिव्यक्तिपरक क्षमताको अभिवृद्धि गराउनुका साथै पठनप्रति अभिरुचि जागृत गराउने भएकाले उपयुक्त किसिमका सन्दर्भपुस्तक भाषा पाठ्यक्रममा समावेश गर्नु उचित ठानिन्छ । भाषा पाठ्यपुस्तकले प्रदान गर्ने ज्ञान, अभिवृद्धि र सिपलाई थप उन्नयन गर्ने स्रोत सामग्री नै सन्दर्भ सामग्रीहरू हुन् ।

## तथ्याङ्कको प्रस्तुति, व्याख्या एवम् विश्लेषण

माध्यमिक तह कक्षा ९ मा नेपाली भाषा पाठ्यक्रम कार्यान्वयन र प्रभावकारितासम्बन्धी जानकारी हासिल गर्न प्रश्नावली फाराम र छलफलमार्फत् गरिएको तथ्याङ्कहरूलाई गुणात्मक ढङ्गले व्याख्या एवम् विश्लेषण गरिएको छ । पाठ्यक्रम कार्यान्वयनसँग सम्बद्ध विभिन्न पक्षहरू जस्तैः विद्यालय र नेपाली भाषा शिक्षकसम्बन्धी विवरणहरू, पाठ्यक्रम कार्यान्वयनमा शिक्षण योजना, पाठ्यक्रमको उपलब्धता र प्रयोग, शैक्षिक सामग्री तथा शिक्षण विधिको प्रयोगमा केन्द्रित रही सङ्कलित सूचनाहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ :

पाठ्यक्रम कार्यान्वयनमा शिक्षक तालिम र पाठ्यक्रमको उपलब्धताको अवस्था

यसअन्तर्गत विद्यालय र नेपाली भाषा विषय शिक्षकसम्बन्धी विवरण, शिक्षकले प्राप्त गरेको तालिमको किसिम, पाठ्यक्रमको उपलब्धता र प्रयोगको अवस्था रहेका छन् ।

## विद्यालय र नेपाली भाषा विषय शिक्षकसम्बन्धी विवरण

अनुसन्धानका लागि छनोटमा परेका विद्यालयहरूमा कक्षा ९ मा नेपाली भाषा विषय पढाउने शिक्षकहरूको शैक्षिक तथा पेसागत अवस्था सम्बन्धमा शिक्षकहरूसँग अन्तरवार्तामार्फत प्राप्त विवरण यसप्रकार रहेको छ :

**तालिका सङ्ख्या : ४.१**

*शैक्षिक योग्यता र विशिष्टीकृत विषय तथा कार्यानुभव*

| क्र.सं. | विद्यालय | शैक्षिक योग्यता | विशिष्टीकरण विषय | कार्यानुभव | शिक्षकको किसिम |
|---|---|---|---|---|---|
| १. | मङ्गल मा.वि., कीर्तिपुर | एम.एड. | नेपाली | १०+४ वर्ष | स्थायी |
| २. | टौदह मा.वि., टौदह | एम.एड. | नेपाली | ४+१० वर्ष | स्थायी |
| ३. | विश्वनिकेतन मा.वि., त्रिपुरेश्वर | एम.एड. | नेपाली | ५+१५ वर्ष | स्थायी |
| ४. | रत्नराज्य मा.वि., बानेश्वर | एम.एड., एम.फिल. | नेपाली | २२ वर्ष | स्थायी |

*स्रोत : स्थलगत अध्ययन*

यसरी माथिको तथ्याङ्कबाट के कुरा स्पष्ट हुन्छ भने कक्षा ९ को नेपाली भाषा विषयको पठनपाठन गर्ने शिक्षकहरूको शैक्षिक योग्यता विशिष्टीकृत विषयमा एकरूपता अर्थात् न्यूनतम बि.एड. को योग्यता रहेको भए पनि सबै शिक्षक एम.एड. उत्तीर्ण गरेका देखिन्छन् भने १ जना शिक्षकले एम.फिल. तह उत्तीर्ण गरेको पाइयो । तर कार्यानुभवमा भने अनेकता रहेको देखिन्छ, जसअनुसार मङ्गल मा.वि., कीर्तिपुरका शिक्षक १० वर्ष तल्लो तहमा अध्यापन गरेका र ४ वर्ष मा.वि. तहमा अध्यापन गरेका, टौदह मा.वि., टौदहका शिक्षक ४ वर्ष तल्लो तहमा अध्यापन गरेका र १० वर्ष मा.वि. तहमा अध्यापन गरेका, विश्वनिकेतन मा.वि., त्रिपुरेश्वरका शिक्षक ५ वर्ष तल्लो तहमा अध्यापन गरेका र १५ वर्ष मा.वि.तहमा अध्यापन गरेका भेटियो भने रत्नराज्य मा.वि., बानेश्वरका शिक्षक २२ वर्ष मा.वि. तहमा अध्यापन गरेका पाइयो ।

निष्कर्षमा शैक्षिक योग्यता र विशिष्टीकृत विषय तथा कार्यानुभवका आधारमा सबै शिक्षकहरूको शैक्षिक योग्यता एवम् विशिष्टीकृत विषय नेपाली र कार्यानुभवका आधारमा सबै शिक्षक स्थायी रहेकाले माध्यमिक तहमा पठनपाठनका लागि योग्य शिक्षकहरू रहेको पाइयो ।

नेपाली भाषा विषय शिक्षण गर्ने शिक्षकहरूको तालिमको अवस्था बारे जानकारी लिन शिक्षकहरूसँग प्रश्नावलीमार्फत् सोधिएको थियो, जसबाट प्राप्त विवरणलाई निम्नानुसार तालिकीकरण गरिएको छ :

**तालिका सङ्ख्या : ४.२**

***शिक्षकले प्राप्त गरेको तालिमको किसिम***

| क.सं. | तालिमको किसिम | शिक्षकहरूको सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | पाठ्यक्रम कार्यान्वयन तालिम | ३ | ७५ | |
| २. | मागमा आधारित प्रदेशले दिने (टि पि डी) तालिम | ४ | १०० | |
| ३. | बहुकक्षा शिक्षण तालिम | × | ० | |
| ४. | दश महिने सेवाकालीन तालिम | × | ० | |
| ५. | पुनर्ताजगी तालिम | २ | ५० | |
| ६. | पाठ्यक्रम विकास केन्द्रले दिने अल्पकालीन तालिम | ४ | १०० | |

*स्रोत : स्थलगत अध्ययन*

तालिमको आधारमा नेपाली भाषा विषय शिक्षकको अवस्थाबारे विश्लेषण गर्दा छनोटमा परेका ४ ओटा मा.वि.हरूमध्ये सबै विद्यालयमा अध्यापन गराउने शिक्षकहरू शिक्षाशास्त्र सङ्कायअन्तर्गत अध्ययन गरेकाले सबै शिक्षकहरू तालिम प्राप्त रहेको देखिन्छ । यसका अतिरिक्त विभिन्न सङ्घसंस्थाबाट दिइने तालिममा भने विविधता भेटियो, जसअनुसार पाठ्यक्रम कार्यान्वयन तालिम लिने शिक्षकहरूको सङ्ख्या ३ जना पाइयो, जसलाई प्रतिशतका हिसाबले हेर्दा ७५ प्रतिशत हुन जान्छ । त्यसैगरी मागमा आधारित टि पि डी (प्रदेशले दिने) तालिम लिने शिक्षकहरूको सङ्ख्या ४ अर्थात् १०० प्रतिशत शिक्षकहरूले नै सो तालिम लिएको पाइयो । बहुकक्षा शिक्षण तालिम र दश महिने सेवाकालीन तालिम लिने शिक्षकहरू एक जना पनि भेटिएन । त्यसैगरी पुनर्ताजगी तालिम लिने शिक्षकहरू २ जना पाइयो, जसलाई प्रतिशतमा लैजाँदा ५० प्रतिशत हुनआउँछ । तालिमको अर्को किसिम पाठ्यक्रम विकास केन्द्रले दिने अल्पकालीन तालिम १०० प्रतिशत शिक्षकहरू अर्थात् चारै जना शिक्षकहरूले लिएको देखियो । साथै शैक्षिक जनशक्ति विकास केन्द्रबाट प्रदान गरिएको विभिन्न तालिमहरू पनि सबै शिक्षकहरूले लिनुभएको कुरा शिक्षकसँगको अन्तरवार्तामार्फत जानकारी भयो । शिक्षकले प्राप्त गरेको तालिमको किसिमका आधारमा पाठ्यक्रम कार्यान्वयन तालिम, मागमा आधारित प्रदेशले दिने (टिपिडि) तालिम, पुनर्ताजगी तालिम र पाठ्यक्रम विकास केन्द्रले दिने अल्पकालीन तालिम लिने शिक्षकहरू ५० प्रतिशतदेखि १०० प्रतिशतसम्म देखियो भने बहुकक्षा शिक्षण तालिम र दश महिने सेवाकालीन तालिम लिने शिक्षकहरू भेटिएनन् । यसप्रकार विद्यालय र शिक्षकसम्बन्धी विवरणलाई पाठ्यक्रमको कार्यान्वयनसँग तुलना गरेर हेर्दा अध्ययनस्थलका विद्यालयहरूमा पचास प्रतिशतदेखि शतप्रतिशत शिक्षकहरूले पेसागत तालिमको अवसर प्राप्त गरेकाले अध्ययनस्थलमा नेपाली भाषा विषयको पाठ्यक्रम कार्यान्वयनमा कुनै समस्या नरहेको देखिन्छ ।

## पाठ्यक्रमको उपलब्धता र प्रयोगको अवस्था

पाठ्यक्रम कार्यान्वयनको अवस्थाबारे शोधखोज गरिएको थियो, जसबाट प्राप्त हुन आएको तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने अनुसन्धानका लागि छनोटमा परेका चारओटा विद्यालयहरूमध्ये सबै विद्यालयमा पाठ्यक्रम उपलब्ध रहेको पाइयो । तीमध्ये दुई विद्यालयले पाठ्यक्रम उपलब्ध भए पनि प्रयोग नगरेको पाइयो ।

**तालिका सङ्ख्या : ४.३**

***पाठ्यक्रमको उपलब्धता र प्रयोगको अवस्था***

| क्र.सं. | पाठ्यक्रमको उपलब्धता | पाठ्यक्रम प्रयोग गर्ने आधारहरू | विद्यालय सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | सबै विद्यालयमा उपलब्ध | वार्षिक कार्यतालिका निर्माण | ४ | १०० | |
| २. | | दैनिक पाठयोजना निर्माण | ४ | १०० | |
| ३. | | शैक्षिक सामग्रीको छनोट र प्रयोग | २ | ५० | |
| ४. | | शिक्षण विधिको छनोट र प्रयोग | ४ | १०० | |
| ५. | | अतिरिक्त क्रियाकलामको व्यवस्थापन | ३ | ७५ | |

*स्रोत : स्थलगत अध्ययन*

पाठ्यक्रमको उपलब्धता र प्रयोगको अवस्थाका आधारमा नेपाली भाषा विषय शिक्षकको अवस्थाबारे विश्लेषण गर्दा छनोटमा परेका ४ ओटा मा.वि.हरूमध्ये सबै विद्यालयमा अध्यापन गराउने शिक्षकहरूसँग माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रम उपलब्ध रहेको पाइयो । पाठ्यक्रम प्रयोग गर्ने आधारहरूलाई हेर्दा वार्षिक कार्यतालिका चारओटै विद्यालयका शिक्षकहरूले निर्माण गरेको पाइयो भने दैनिक पाठयोजना निर्माण पनि चारैओटा विद्यालयका शिक्षकहरूले निर्माण गर्ने गरेको भेटियो । त्यसैगरी शैक्षिक सामग्रीको छनोट र प्रयोगमा भने दुईओटा विद्यालयका शिक्षकहरूले मात्र छनोट र प्रयोग गर्ने गरेको पाइयो । प्रतिशतका हिसाबले हेर्दा ५० प्रतिशत शिक्षकहरूले मात्र शैक्षिक सामग्रीको छनोट र प्रयोग गर्ने गरेको पाइयो । पाठ्यक्रम प्रयोग गर्ने आधारहरूमध्ये शिक्षण विधिको छनोट र प्रयोगका सन्दर्भमा अध्ययन गर्दा चारओटै विद्यालयका शिक्षकहरूले शिक्षण विधिको छनोट गरी प्रयोग गर्ने गरेको देखियो, जुन प्रतिशतका हिसाबले १०० प्रतिशत हुन आउँछ । त्यसैगरी अतिरिक्त क्रियाकलापको व्यवस्थापनका सन्दर्भमा ३ ओटा विद्यालयका शिक्षकहरूले अर्थात् ७५ प्रतिशत शिक्षकहरूले अतिरिक्त क्रियाकलापको व्यवस्थापन गर्ने गरेको भेटियो ।

यसप्रकार माथिको नतिजालाई विश्लेषण गर्दा अध्ययनक्षेत्रका विद्यालयहरूमध्ये चारओटै विद्यालयले वार्षिक कार्यतालिका निर्माण गर्ने गरेको देखिन्छ । यति हुँदाहुँदै पनि सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन तथा निरीक्षण भने हुने गरेको पाइएन । यसरी पाठ्यक्रमको उपलब्धता र प्रयोगको अवस्थालाई पाठ्यक्रमको कार्यान्वयन पक्षसँग तुलना गरेर हेर्दा अध्ययनक्षेत्रका विद्यालयहरूमा नेपाली भाषा विषयको पाठ्यक्रम १०० शतप्रतिशत शिक्षकहरूसँग उपलब्ध भएको तर कार्यान्वयन भने ५० प्रतिशतले मात्र गर्ने गरेको देखिन्छ ।

## पाठ्यक्रम कार्यान्वयनमा शैक्षिक योजना निर्माण र प्रयोगको अवस्था

यसअन्तर्गत शैक्षणिक योजना निर्माण र प्रयोग, पाठ्यक्रमले तोकेका शैक्षिक सामग्री तथा शिक्षण विधिको प्रयोग, पाठ्यक्रमअनुसार उद्देश्यको छनोट र मूल्याङ्कन पद्धतिको प्रयोग, निर्धारित विषयवस्तुका लागि उपलब्ध पाठ्यभारका आधारमा पाठ्यक्रम कार्यान्वयन, प्रयोगात्मक कार्य, सिकाइ सहजीकरण प्रक्रियाका आधारमा पाठ्यक्रम कार्यान्वयन, रहेका छन् ।

पाठ्यक्रम जतिसुकै सान्दर्भिक, सुनियोजित र सुव्यवस्थित भए पनि त्यसलाई योजनाबद्ध ढङ्गले कार्यान्वयन गर्न सकिएन भने त्यो निरर्थक र निष्प्रभावी हुनपुग्छ । अध्ययनक्षेत्रका विद्यालयमा निर्माण र कार्यान्वयन गरिएका शैक्षणिक योजनाहरूलाई निम्नानुसार तालिकीकरण गरेर प्रस्तुत गर्न सकिन्छ :

**तालिका सङ्ख्या : ४.४**

***पाठ्यक्रम कार्यान्वयनमा शैक्षणिक योजनाहरू निर्माण र प्रयोगको अवस्था***

| क.सं. | योजनाको किसिम | निर्माण र प्रयोग गर्नेको सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | वार्षिक कार्यतालिका | ४ | १०० | |
| २. | वार्षिक कार्ययोजना | ४ | १०० | |
| ३. | एकाइ योजना | ३ | ७५ | |
| ४. | पाठयोजना | २ | ५० | |

*स्रोत : स्थलगत अध्ययन*

माथिको तालिकाको तथ्याङ्कलाई विश्लेषण गर्दा विद्यालयमा निर्माण गरिएका योजनाहरूमध्ये सबै विद्यालयहरूले वार्षिक कार्यतालिका निर्माण गरी कार्यान्वयन गरेका कुरा शिक्षकसँगको प्रश्नावलीमार्फत् थाहा हुन आएको छ । सबै विद्यालयहरूमा पाठ्यक्रम कार्यान्वयनमा वार्षिक कार्यतालिका निर्माण र प्रयोगसमेत गर्ने गरेका तर कार्यतालिकामा उल्लिखित कुराहरू समयमै कार्यान्वयन हुननसक्ने गरेको कुरा सम्बन्धित विद्यालयका प्र.अ.सँगको अन्तरवार्तामार्फत थाहा हुन आएको छ । वार्षिक कार्यतालिकाको मातहतमा निर्माण हुने एकाइ योजना र पाठयोजना भने दुई विद्यालयहरूमा निर्माण र कार्यान्वयन नभएको तथ्य सम्बन्धित विद्यालयका शिक्षकहरूसँगको अन्तरवार्ताबाट पत्ता लाग्दछ । यसप्रकार अध्ययनक्षेत्रका विद्यालयमा वार्षिक कार्ययोजनाको मातहतमा निर्माण हुने अन्य योजनाहरू निर्माण र कार्यान्वयन हुन नसक्नुका कारणहरूका सम्बन्धमा प्र.अ. तथा विषय शिक्षकसँग सोधिएको प्रश्नका आधारमा ३ जना प्र.अ. तथा ३ जना विषय शिक्षकले बन्दहडताल साथै राजनैतिक खिचातानीका कारण उत्पन्न हुने अस्थिरताले गर्दा विद्यालयहरू नियमित संचालन गर्न नसकिने अवस्था रहेकाले कार्यान्वयनमा कठिनाइ उत्पन्न हुने गरेको बताए । यसरी पाठ्यक्रम कार्यान्वयनमा कठिनाइ उत्पन्न हुने कारण खोतल्दा सरोकार संस्थाबाट प्रभावकारी अनुगमन हुन नसक्नु, विद्यालय व्यवस्थापन समिति पनि निष्क्रिय रहनु, बन्दहडताल र त्यसबाट उत्पन्न हुने अस्थिरता आदिजस्ता कारणले त्यस्ता वार्षिक कार्यायोजनाहरू निर्माण भएर पनि कार्यान्वयन प्रभावकारी रूपमा हुन नसकेको कुरा निष्कर्ष निकाल्न सकिन्छ ।

**तालिका सङ्ख्या : ४.५**

***पाठ्यक्रमले तोकेका शैक्षिक सामग्री तथा शिक्षण विधिको प्रयोगको अवस्था***

| क्र.सं. | शैक्षिक सामग्री तथा शिक्षण विधि | प्रयोग गरेको | प्रयोग नगरेको | प्रयोग प्रतिशत |
|---|---|---|---|---|
| १. | शिक्षक निर्मित शैक्षिक सामग्री | – | ४ | ७५ |
| २. | तयार पारिएको शैक्षिक सामग्री (नक्सा, चित्र/फोटोहरू, लेखहरू) | ३ | १ | ७५ |
| ३. | शिक्षक केन्द्रित विधि (व्याख्यान, प्रवचन, प्रश्नोत्तर) | ४ | – | ७५ |
| ४. | विद्यार्थी केन्द्रित विधि (छलफल, परियोजना कार्य) | १ | ३ | २५ |
| ५. | स्थलगत भ्रमण | ०१५१ | ४ | शून्य |

माथि उल्लिखित तालिकाबाट शिक्षकहरूले आफैले शैक्षिक सामग्रीको निर्माण गरेर प्रयोग गर्ने गरेको पाइएन तर ७५ प्रतिशत अर्थात् ३ ओटा विद्यालयका शिक्षकहरूले विद्यालयमा उपलब्ध भएका शैक्षिक सामग्री प्रयोग गर्ने गरेको भेटियो । नेपाली भाषापाठ्यक्रम कार्यान्वयनका लागि शिक्षण विधिको प्रयोगमा सबै विद्यालयका शिक्षकहरूले शिक्षक केन्द्रित विधिको प्रयोग गर्ने गरेको पाइयो भने एउटा विद्यालय अर्थात् २५ प्रतिशतले मात्र विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्ने गरेको देखियो। स्थलगत भ्रमण विधिको प्रयोग भने कुनै पनि विद्यालयका शिक्षकहरूले कमै गरेको पाइयो । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने विद्यालयका शिक्षकहरूले आफू अनुकूलता हेरी शैक्षिक सामग्री र शिक्षण विधिको प्रयोग गर्ने गरेको देखिन्छ ।

**तालिका सङ्ख्या : ४.६**

***पाठ्यक्रमअनुसार मूल्याङ्कन पद्धतिको प्रयोग***

| क्र.सं. | उद्देश्य छनोट र मूल्याङ्कन पद्धति | गरेको | नगरेको | प्रयोग प्रतिशत |
|---|---|---|---|---|
| १. | उद्देश्य छनोट | ४ | – | १०० |
| २. | उद्देश्य केन्द्रित क्रियाकलाप | २ | २ | ५० |
| ३. | निर्माणात्मक मूल्याङ्कन | २ | २ | ५० |
| ४. | निर्णयात्मक मूल्याङ्कन | ४ | – | १०० |

*स्रोत : स्थलगत अध्ययन*

प्रस्तुत तालिकाको आधारमा नेपाली भाषा पाठ्यक्रमअनुसार उद्देश्यको छनोट र मूल्याङ्कन पद्धतिको प्रयोगमा सबै शिक्षकहरूले उद्देश्यको छनोट गर्ने गरेका पाइयो तापनि उद्देश्य केन्द्रित क्रियाकलाप भने ५० प्रतिशत शिक्षकहरूले मात्र गर्ने गरेको पाइयो । निर्माणात्मक मूल्याङ्कनअन्तर्गत गृहकार्य, कक्षाकार्य, एकाइ परीक्षा तथा पृष्ठपोषण २ जना शिक्षक अर्थात् ५० प्रतिशत शिक्षकहरूले गर्ने गरेको पाइयो । त्यस्तै निर्णयात्मक मूल्याङ्कनको रूपमा त्रैमासिक तथा वार्षिक परीक्षा सबैले गर्ने गरेको भेटियो । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने सबै शिक्षकले उद्देश्यको छनोट गरेका तर उद्देश्य केन्द्रित क्रियाकलापहरू भने नगर्ने गरेको पाइयो । त्यसैगरी निर्माणात्मक मूल्याङ्कनअन्तर्गत गृहकार्य, कक्षाकार्य र एकाइकार्य सबै शिक्षकहरूले नगरेको पाइयो भने निर्णयात्मक मूल्याङ्कनअन्तर्गतका त्रैमासिक तथा वार्षिक परीक्षा भने सबै शिक्षकहरूले गर्ने गरेका तथ्य अनुसन्धानबाट प्राप्त भयो ।

## निष्कर्ष

प्रस्तुत अनुसन्धानको अभिप्रायअनुसार सङ्कलित तथ्याङ्कलाई गुणात्मक विधिबाट व्याख्या गरिसकेपछि प्राप्त हुन आएका कुराहरूलाई निष्कर्षका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

अनुसन्धानका लागि छनोटमा परेका चारओटा विद्यालयमध्ये तीनओटा विद्यालयका शिक्षक मात्र तालिम प्राप्त रहेका, सबै विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूले सम्बन्धित विषयमै विशिष्टीकरण गरेका र सबै विद्यालयहरूमा पाठ्यक्रम उपलब्ध रहेको र प्रयोग गर्ने गरेको पाइयो । एउटा विद्यालयले उपलब्ध पाठ्यभारका आधारमा पठनपाठन सम्पन्न गर्न नसकेको, सबै विद्यालयमा वार्षिक कार्य तालिका निर्माण गरी त्यस मातहतमा निर्माण हुने वार्षिक कार्ययोजना बनाउने गरेका, एकाइ योजना ३ ओटा विद्यालयले र दैनिक पाठयोजना २ ओटा विद्यालयले मात्र बनाउने गरेको पाइयो । अधिकांश विद्यालयमा प्रवचन/व्याख्यान विधिको बढी मात्रामा प्रयोग भइरहेको, कुनै पनि विद्यालयमा शैक्षिक सामग्री पर्याप्त मात्रामा उपलब्ध हुन नसकेका र उपलब्ध शैक्षिक सामग्रीहरू पनि अर्को पटक प्रयोग गर्नलाई सुरक्षित गरी राख्न नसकिएको पाइयो । उपलब्धि मूल्याङ्कन भने सबै विद्यालयमा त्रैमासिक र वार्षिक परीक्षा सञ्चालन हुने गरेको, कक्षा कार्य, एकाइ परीक्षा, अवलोकन, परियोजना कार्य जस्ता प्रक्रियाको कार्यान्वयनमा भने एकरूपता नभई विविधता रहेको तर नतिजा प्रकाशन र पृष्ठपोषण प्रदान गर्ने कार्य चाहिँ आआफ्नो विद्यालयले आआफ्नो ढङ्गले गर्ने गरेको पाइयो । विद्यार्थीको तुलनामा शिक्षकहरू बढी सक्रिय, अनुगमन तथा मूल्याङ्कनका सम्बन्धमा जि.शि.का. कार्यालयमार्फत विद्यालय निरीक्षकले गरिने अनुगमन नियमित भएको बरू प्र.अ. र वि.व्य.स.तथा स्रोत व्यक्तिले गर्ने अनुगमनमा भने नियमितता नभएको पाइयो ।

## सुझावहरू

प्रस्तुत अनुसन्धानका क्रममा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई विश्लेषण गरिसकेपछि प्राप्त हुनआएका निष्कर्षका आधारमा अध्ययन क्षेत्रका विद्यालयहरूमा नेपाली भाषा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसकी शिक्षण सिकाइ सहजीकरण प्रक्रिया प्रभावकारी हुन नसकेका कारणहरू पत्ता लगाइयो । प्राप्तिका आधारमा पहिल्याइएका सुझावहरूलाई निम्नानुसार राखिएको छ :

(क) सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा पाठ्यक्रममा उल्लेख गरिएका शिक्षण विधि, प्रक्रिया र सामग्रीको प्रयोग गरी शिक्षण गर्नुपर्ने,

(ख) प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रक्रिया उपलब्ध गराउनुपर्ने,

(ग) पाठमा दिइएका अभ्यास मात्र नगराई अन्य सिर्जनात्मक अभ्यासजस्ता क्रियाकलाप गराउनुपर्ने,

(घ) समयअनुसारका नयाँ नयाँ विधि र प्रविधिमा यथेष्ट मात्रामा तालिमको व्यवस्था हुनुपर्ने,

(ङ) सबै विद्यालयहरूले वार्षिक कार्यतालिका र त्यसको आधारमा निर्माण हुने वार्षिक कार्ययोजना, एकाइ योजना तथा दैनिक पाठ योजनाहरू निर्माण र प्रयोग प्रयोग गर्नुपर्ने,

(च) प्रवचन विधि मात्र नभई विषयवस्तुको प्रकृतिअनुसार विविध विधिहरूका प्रयोग हुनुपर्ने,

(छ) शैक्षिक सामग्री पर्याप्त मात्रामा उपलब्ध हुनुपर्ने र शैक्षिक सामग्री प्रदर्शन गर्ने पर्याप्त ठाउँ हुनुपर्ने साथै एकचोटि निर्माण गरेका सामग्री अर्को पटक प्रयोग गर्न सुरक्षित ठाउँको व्यवस्था हुनुपर्ने,

(ज) एकाइ परीक्षा, त्रैमासिक परीक्षा, परियोजना कार्य, सिर्जनात्मक कार्य, कक्षा सहभागिता, कक्षा कार्य तथा व्यवहारमा आएको परिवर्तनका आधारमा मापन गरेर ती प्रक्रियाको अभिलेखीकरण राख्ने र सोहीअनुसार नतिजा प्रकाशन र पृष्ठपोषण प्रदान गर्ने परम्पराको शुरुवात हुनुपर्ने,

(झ) सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय बनाउनु पर्ने साथै प्र.अ. तथा वि.व्य.स. ले नियमित अनुगमन गर्नुपर्ने,

(ञ) नेपाली भाषा पाठ्यपुस्तकमा जे छ, त्यही मात्र पढाउँदा विद्यार्थीमा विषयवस्तुप्रतिको धारणामा विकास नहुने हुँदा विषयवस्तुलाई स्थानीयकरण गरेर पढाउनुपर्ने ।

यसरी समयमै सरोकारवालाहरूको ध्यानाकर्षण भई पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सकेको खण्डमा आगामी दिनहरूमा शिक्षण सिकाइ सहजीकरण प्रक्रियामा सुधार ल्याउन सकिने कुरामा विश्वास गर्न सकिन्छ । भाषिक पाठ्यक्रम कार्यान्वयनमा औपचारिकता निभाउने प्रयास भए तापनि सम्बन्धित सरोकारवालाहरूले आफ्नो भूमिका निर्वाह गर्न चुकेका विद्यालय तथा शिक्षकले पर्याप्त मात्रामा स्रोतसाधन परिचालन गरी आवश्यक शैक्षणिक सुविधाहरू (सामग्रीहरू) तथा सिपगत कुशलता वृद्धि र परिचालनमा अपेक्षित गति लिन असफल, सबै विद्यालयहरूमा सम्बन्धित विषयमा विशिष्टीकरण गरेका शिक्षकहरू भए पनि भाषा पाठ्यक्रमले तोकेका शैक्षिक सामग्री पर्याप्त मात्रामा नहुनु, अनुगमन तथा मूल्याङ्कन प्रक्रिया फितलो हुनु, पाठ्यक्रमको विषयसम्बद्ध अन्य सामग्रीहरू प्रयोग नहुनुजस्ता समस्याले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा व्यवधान खडा गरेको देखिन्छ । विद्यार्थीहरूलाई कोर्स पूरा गराउनको लागि पाठमा दिइएका अभ्यास मात्र गराई अन्य सिर्जनात्मक अभ्यास जस्ता क्रियाकलाप कमै गराउने गरिएको पाइयो । यसका लागि पाठ्यक्रमले तोकेका शैक्षिक सामग्री पर्याप्त मात्रामा उपलब्ध गराइ अनुगमन प्रक्रियालाई चुस्त दुरुस्त बनाउने हो भने पाठ्यक्रम कार्यान्वयन र पठनपाठनमा देखापरेका समस्याहरू हदैसम्म निराकरण गर्न सकिने हुन्छ । यसरी समयमै सरोकारवालाहरूको ध्यानाकर्षण भई पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सकेको खण्डमा आगामी दिनहरूमा शिक्षण सिकाइ सहजीकरण प्रक्रियामा सुधार ल्याउन सकिने कुरामा विश्वास गर्न सकिने निष्कर्ष निकालिएको छ ।

**सन्दर्भ–सामग्री**

खनाल, पेशल, पौडेल, लेखनाथ र अधिकारी, नारायणप्रसाद (२०६६). *पाठ्यक्रम र मूल्याङ्कन.* काठमाडौं : सनलाइट पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द (२०७६). *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप.* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, माधवप्रसाद (२०६९). *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण तथा शिक्षण पद्धति.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८). *नेपाली भाषा शिक्षणका सन्दर्भहरू.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा एन्ड शर्मा (२०७४). *पाठ्यक्रम तथा मूल्याङ्कन.* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।

शिक्षा मन्त्रालय (२०७८). *माध्यमिक शिक्षा पाठ्यक्रम.* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शिक्षा मन्त्रालय (२०७३). *पाठ्यक्रम तथा पाठ्य सामग्री विकास निर्देशिका.* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

Gardner P. (2010). *Creative English, Creative Curriculum. P. 14.* London / New York: Routledges.

Neumann, Y., Neumann, E., and Lewis, S. (2017). The Robust Learning Model With a Spiral Curriculum: Implications for the Educational Effectiveness of Online Master Degree Programs. *Contemporary Issues in Education Research*, *10* (2), 95-108.

Ornstein, A.C. and Hunkins, F.P. (2018). *Curriculum: Foundations, Principles, and Issues.* Seventh edition. England: Pearson.

Taba H. (1962). *Curriculum Development Theory and Practice*. New York: Harcourt, Brace and World, inc.

Tylar, R. W. (1974). *Basic Principles of Curriculum and Instruction*. Chicago and London: The University of Chicago Press.